यन्स रौनक
अम्बानी भारतकै धनी

आँसुको सागर बग
इराकमा फेरि मारिए

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

काठमाडौं, विराटनगर र भरतपुरबाट एकैसाथ प्रकाशित

मंगलबार कार्तिक कृष्णपक्ष एकादशी | नेपाल संवत् ११२६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 17, 2006

## पाइडल मार्दै विश्वयात्रा



कुमार आले

बेलायतबाट कोलम्बसझैं संसारको यात्रामा हिँडेका जेसन लेविसका साथमा एउटा साइकल मात्रै छ । उनले त्यो साइकलको साथ नछाडेको १३ वर्ष भइसक्यो । गिनिज बुकको परिभाषामा 'मानवीय शक्ति पाइडल' भनेर चिनिएको यो यात्रामा पाइडल मारेर वा हातको बल प्रयोग गरेर बाहन गुडाउनुपर्ने हुन्छ । जेसनले अहिलेसम्म ३५ हजार माइल संसारको चक्कर मारिसकेका छन् । 'म घुम्दैफिर्दै आज काठमाडौं आइपुगेको छु,' ठमेलको भीडभाडमा आइतबार भेटिएका ३९ वर्षीय जेसनले सुनाए- 'आजसम्म घुमेको संसारमध्ये अलग्गै खालको भूगोलमा उभिएको अनुभव भइरहेको छ ।'

'पेडल अफ प्लानेट एक्सिपिडसन' नामकरण गर्दै यो चरणमा दक्षिणपूर्वी एसियाका मुलुकमा उनले पाँच हजार माइल दूरी पूरा गरेका छन्, अब यो क्षेत्रमा बाँकी लक्ष्य भनेको दुई हजार माइल मात्रै हो । सिंगापुरबाट सुरु भएको यो पटकको यात्रामा चीनको मध्यभाग हुँदै ल्हासाबाट उनी शनिबार मात्रै काठमाडौं आइपुगेका हुन् । 'ल्हासा-काठमाडौं यात्रा पूरा गर्न २१ दिन लाग्यो,' उनले सुनाए-'अब यहाँबाट भारत (मुम्बई) हुँदै पूर्वी अफ्रिकाको यात्रामा निस्कनेछु ।' तर अरू ठाउँ हेरीकन्त यहाँ बाटामा हिँड्दा होस् या साइकल कुदाउँदा एकअर्कालाई 'स्पेस' दिने स्वभाव आनन्ददायी रहेको बताए । अरूभन्दा रमाइलो कुरा के छ भने मलेसिया, थाइल्यान्ड, लाओस्, चीनसहितका मुलुक पाइडल यात्रामा भए पनि एट्लान्टिक र प्यासिफिक समुद्रका छालहरूमा पनि उनी कम्ती हिम्मतिला रहेनन्, उनले पाइडल मारेर चल्ने जहाजको त्यो लामो यात्रामा उपयोग गरे ।

'लाओसमा छँदा झन्डै मलेरियाले छोप्यो भने तिब्बतमा झन्डै हाई अल्टिच्युडले,' भौगालिक विविधताको अनुभव सुनाउँदै उनले भने । यात्रामा कोलोराडो पुगेका बेला उनले गाईवस्तु चराउने काम गरे भने अस्ट्रेलियामा छँदा मुर्दाघरमा समेत काम गरे । उसो त उनको यात्रामा सिंगापुरको एक व्यापारिक कम्पनी एबरडिन एसेटले पनि केही भरथेग गरेको छ, साथै युवाहरूका साथमा सिर्जनात्मक काम गर्न सञ्जाल बनाउनका लागि युनेस्कोको स्वीकृतिमा उनी एकैसाथ यो काम पनि गरिरहेका छन् । सुरुमा जेसनका साथमा स्टिभ स्मिथ नामका अर्का तन्नेरी पनि सन् २००० सम्म साथमा थिए, पछि तिनले भने यो यात्रालाई त्यागे ।

'यो चरणपछि भने इथियोपिया, सुडान, इजिप्ट, मध्यपूर्व हुँदै युरोपबाट लन्डनको ग्रिनविचमा उनको संसारभ्रमण टुंगिनेछ । यस क्रममा उनले 'एक्सिपिडिसन-३६० डटकम' वेब पेजमा दैनिक ब्लग, डायरी, तस्बिर, भिडियो क्लिपिङसमेत समेट्न भ्याएका छन् । ठमेलको काठमाडौं गेस्टहाउसमा कुराकानी भइरहेका बेला नेपालका साइकलयात्री पुष्कर शाह पनि त्यहीं आइपुगे । 'हामी दुवै एकै पेसा, एकै सोचाइका मित्रहरू भेला भयौं,' पुष्कर भन्दै थिए- 'अब हामी आफ्ना अनुभवहरू एकअर्कालाई सुनाउनेछौं ।'